
प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक



संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार।

उद्देश्य र कारण

नेपालको संविधानको धारा ८४ को उपधारा (२) मा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीको आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था रहेको। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ मा बन्दसूचीमा प्रतिनिधित्व गराउनु पर्ने समावेशी समूहको प्रतिशतसम्बन्धी व्यवस्था रहेको।

संवत् २०७८ सालमा भएको राष्ट्रिय जनगणनाको प्रतिवेदन बमोजिम जनसंख्याको प्रतिशतका आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु तथा मुस्लिम जनसंख्याको आधारमा प्रतिशत कायम गर्न आवश्यक भएकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ मा संशोधन गर्न प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश,२०८२ नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम जारी भई उक्त अध्यादेश संघीय संसदबाट स्वीकृत भएको। अध्यादेश बमोजिमका प्रावधानलाई प्रतिस्थापन विधेयक मार्फत् कायम राख्नु परेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) ऐन,२०८३ आवश्यक भएको।

(वालेन्द्र शाह)
प्रधानमन्त्री एवम् गृह मन्त्री

आर्थिक टिप्पणी

संवत २०७८ सालको जनगणना बमोजिम समानुपातिक प्रतिनिधित्वको व्यवस्थाको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ मा संशोधन आवश्यक भएको। प्रतिनिधि सभा सदस्य (पहिलो संशोधन) अध्यादेश, २०८२ बाट प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनूसूची-१ मा संशोधन भई जनसंख्याको आधारमा दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारु र मुस्लिमको प्रतिनिधित्व हुने प्रतिशत निर्धारण भएको र सो व्यवस्थालाई प्रतिस्थापन विधेयकबाट कायमै राख्नु पर्ने भएकोले यस व्यवस्थाबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने।

(वालेन्द्र शाह)
प्रधानमन्त्री एवम् गृह मन्त्री

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ मा संशोधन** : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छः

"अनुसूची-१

(दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) सँग सम्बन्धित)

उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार

क्र.सं.	प्रतिनिधित्व हुने समूह	प्रतिशत
१.	दलित	१३.४४
२.	आदिवासी जनजाति	२८.७२
३.	खस आर्य	३०.२८
४.	मधेशी	१६.१५
५.	थारु	६.५२
६.	मुस्लिम	४.८९

"

३. **खारेजी र बचाउ** : (१) प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको अध्यादेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।